राष्ट्र र जनताप्रति प्रतिबद्ध

महोत्तरी जिल्लाको पहिलो ‘क’ वर्गको दैनिक पत्रिका

# द पब्लिक टुडे

The Public Today National Daily

राष्ट्रिय दैनिक

वर्ष १३ | अंक ३०५ | २०८३ साउन २ गते शनिवार | (Saturday, 18 July, 2026) | पृष्ठ ४ | मुल्य रु. ५

## सरकार र मिटरब्याज पीडितबीच ९ बुँदे सहमति

# आशा बढ्यो, न्याय अझै अनिश्चित

**शैलेन्द्र महतो**

*जनकपुरधाम, साउन १ गते ।*

सरकार र मिटरब्याज पीडित बीच मिटरब्याजलाई आर्थिक अपराध मान्दै यो कुप्रथाको पूर्ण उन्मूलन भएको घोषणा गर्ने र त्यसबाट सम्पूर्ण फर्जी तमसुक, दृष्टिबन्धक, छिनुवा पास र बाध्यकारी चेकहरू स्वत: अवैध र खारेज हुने सहमति भएको छ ।

त्यस्तै, गृह मन्त्रालयले ३ महिनाभित्र विशेष विधेयकको मस्यौदा तयार गरी मिटरब्याज नियन्त्रण सम्बन्धी ऐन निर्माणका लागि पहल गर्दै उक्त मुद्दा हेर्न छुट्टै न्यायाधिकरण, पीडितको सम्पत्ति फिर्ता र उचित क्षतिपूर्तिको ग्यारेन्टी गरिने सहमति पत्रमा उल्लेख छ ।

वडा कार्यालयमा लेनदेन प्रमाणीकरण गर्दा रकमको वैधानिक स्रोत र बैंक कारोबारको प्रमाण अनिवार्य गरिनुका साथै आपराधिक लाभ वा भ्रष्टाचारको रकम मिटरब्याजमा लगाउनेहरूमाथि कडा कारबाहीको व्यवस्था गरिने, नयाँ ऐनमा वास्तविकभन्दा बढी रकमको कागज बनाउने, ब्याजलाई साँवामा जोड्ने, ऋणीलाई भर्पाइ नदिने, बढी ब्याज लिने, धम्क्याउने, शारीरिक–मानसिक शोषण गर्ने, खाली चेक वा कागजमा जबर्जस्ती सही गराउने र सम्पत्ति हत्याउने कार्यलाई अपराध पनि सहमति पत्रमा उल्लेख छ ।

मिटरब्याजीहरूको अनुसन्धानका लागि लिखतहरूको फरेन्सिक ल्याब परीक्षण, सम्पत्तिको स्रोतको खोजी र सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) अन्तर्गत छानबिन फौजदारी कार्यविधि बमोजिम हुने, अदालतमा विचाराधीन मुद्दाहरूको हकमा पीडितको न्यायका लागि कानुनी अड्चन फुकाइने, जिल्लास्तरमा सहायक प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा (पीडितका ३ प्रतिनिधिसहित) सहजीकरण समिति गठन गरी ६ महिनाभित्र सबै उजुरी फछ्र्यौट गरिने लगायत उल्लेख छ । पीडितहरूले २५ असारदेखि सुरु गरेको आन्दोलनपछि यो सहमतिमा पुगेको हो । उनीहरू ६ सुत्रीय मागसहित जनकपुरधामको तिरहुतियागाछीबाट पैदल न्याय मार्च गर्दै काठमाडौं लागेका थिए । पाँचौ दिन बाराको निजगढ पुगेका उनीहरुसँग वार्ता गर्न गृहमन्त्री सुधन गुरुङ बारा पुगेका थिए । त्यसपछि उनीहरूको गुनासो सुन्दै तीनदिनसम्म चार चरणको वार्ता गरेको थियो ।




असार ३२ गते मात्र सरकारी र मिटरब्याज पीडितको तर्फबाट वार्ता टोलि गठन भएर काठमाडौंको सिंहदरबार पुगेर औपचारिक वार्ता गरेका थिए । दुवै पक्षको घण्टौंको वार्तापछि शुक्रबार ९ बुँदे सहमति भएको छ । सरकारको तर्फबाट प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव पुष्कर सापकोटा र मिटरब्याज पीडितहरूबाट वार्ता टोलिका संयोजक मिटरब्याजविरुद्ध किसान मजदुर आन्दोलन नेपालका केन्द्रीय अध्यक्ष अवधेश कुशवाहाले सहमति पत्रमा हस्ताक्षर गरेका छन् ।

योसँगै बाराको निजगढमै रोकिएका मिटरब्याज पीडितहरु आन्दोलन स्थगित गरेका छन् । पीडितको तर्फबाट वार्ता टोलीमा सहभागीहरूले बारा पुगेर औपचारिक जानकारी गराएपछि पीडितहरू आ–आफ्नो गन्तव्य लाग्ने जनाएको छ ।

६० हजार भन्दा बढी मिटरब्याज पीडितको उजुरीमाथि सुनुवाइ भएकै छैन । देशभरी करिब दुईलाखको संख्यामा मिटरब्याज पीडित भएको सरोकारवालाहरू बताउँछन् । अहिलेको सबैभन्दा टड्कारो प्रश्न के छ भने के यो सहमतिले पीडितहरूलाई न्याय देला ? सहमतिका बुँदा अक्षरश: कार्यान्वयनमा सरकार इमानदार होला ? यो प्रश्नको जवाफ खोज्नुअघि विगतका दृष्टान्त केलाऔं । मिटरब्याज पीडितहरूले पहिलो पटक पैदल मार्च गरेका होइनन् । यसअघि दुई पटक पैदल मार्च भएका थिए । त्यसक्रममा सरकारले गरेको सहमति अत्यन्त न्यून मात्रामा कार्यान्वयन भएको थियो ।

२०७९ चैत २ गते बर्दिबासबाट निस्केका मधेशका ७२ जना मिटरब्याज पीडितहरू पैदल मार्चपास गर्दै ११ दिनमा काठमाडौं पुगेका थिए । मिटरब्याज पीडित संघर्ष समितिका अध्यक्ष मनोज पासवानको नेतृत्वको उक्त पैदल मार्च आन्दोलन सशक्त भएपछि तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ माग पूरा गर्ने सहमत भएका थिए ।

सरकार र आन्दोलनकारीबीच पाँच बुँदे सहमति भएको थियो । सहमति अनुसार सरकारले विशेष अदालतका पूर्वअध्यक्ष गौरीबहादुर कार्कीको नेतृत्वमा जाँचबुझ आयोग गठन गरेको थियो । तर, ठूलो संख्याका पीडितहरूले न्याय पाएनन् ।

सबै पीडितले न्याय नपाएको भन्दै आयोगको समय सकिएपछि दोस्रो पटक २०८० माघ १६ गते मेची र महाकालीबाट एकैपटक ‘पैदल मार्चपास मिटरब्याज पीडितहरू मिटरब्याज तथा ठगीविरुद्ध किसान

– बाँकी पृष्ठ ४ मा

# प्रदेश सरकारद्वारा ५६.३१ प्रतिशत बजेट खर्च

**राष्ट्रिय समाचार समिति**

*जनकपुरधाम, साउन १ गते ।*

मधेस प्रदेश सरकारले आर्थिक वर्ष २०८२/८३ मा कुल बजेटको ५६.३१ प्रतिशत खर्च गरेको छ । मधेस प्रदेश सरकारको अर्थ मन्त्रालयले सार्वजनिक गरेको खर्च प्रगति विवरणअनुसार प्रदेश सरकारले आव २०८२/८३ मा चालुतर्फ ६०.६९ प्रतिशत र पुँजीगततर्फ ५४.१२ प्रतिशत बजेट खर्च गरेको छ ।

प्रदेश सरकारले आव २०८२/८३ का लागि चालुतर्फ १५ अर्ब ६३ करोड ८२ लाख २२ हजार र पुँजीगततर्फ ३१ अर्ब ३४ करोड ५१ लाख ३० हजार गरी कुल ४६ अर्ब ९८ करोड ३३ लाख ५२ हजार बजेट विनियोजन गरेको थियो । त्यसमध्ये असार मसान्तसम्ममा चालुतर्फ नौ अर्ब ४९ करोड १६ लाख एक हजार र पुँजीगततर्फ १६ अर्ब ९६ करोड ५१ लाख ४९ हजार गरी कुल २६ अर्ब ४५ करोड ६७ लाख ५० हजार खर्च भएको अर्थ मन्त्रालयका तथ्याङ्क अधिकृत राजेन्द्र आचार्यले जानकारी दिए ।

तथ्याङ्क अधिकृत आचार्यका अनुसार प्रदेश सरकारको मन्त्रालयतर्फ सबैभन्दा बढी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले ७१.४५ प्रतिशत खर्च गरेको छ । सो मन्त्रालयले चालुतर्फ ७९.१४ प्रतिशत तथा पुँजीगततर्फ ५८.०१ प्रतिशत बजेट खर्च गरेको अधिकृत आचार्यले बताए । त्यसैगरी प्रदेश लोकसेवा आयोगले ८४.४० प्रतिशत, मुख्य न्यायाधिवक्ताको कार्यालयले ७३.०१ प्रतिशत, अर्थ मन्त्रालयले ६५.६८ प्रतिशत, प्रदेशसभा सचिवालयले ६५.६० प्रतिशत तथा वन तथा वातावरण मन्त्रालयले ६३.७६ प्रतिशत बजेट खर्च गरेको उनले जानकारी दिए ।

प्रदेश सरकारको शिक्षा तथा संस्कृति कल्याण मन्त्रालयले ६०.८८ प्रतिशत र भौतिक पूर्वाधार विकास मन्त्रालयले ५८.६७ प्रतिशत बजेट खर्च गरेको छ ।

यस्तै उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालयले ५१.७७ प्रतिशत, श्रम तथा यातायात मन्त्रालयले ४९.९१ प्रतिशत, गृह, सञ्चार तथा कानुन मन्त्रालयले ४८.९२ प्रतिशत, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले ४७.८७ प्रतिशत, खेलकुद तथा समाज कल्याण मन्त्रालयले ४६.१७ प्रतिशत तथा ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालयले ४०.६५ प्रतिशत बजेट खर्च गरेको अधिकृत आचार्यले बताए । अर्थ मन्त्रालयका अनुसार खर्च प्रगतिको आधारमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सबैभन्दा कमजोर देखिएको छ । उक्त कार्यालयले कुल बजेटको ३७.०६ प्रतिशतमात्र खर्च गरेको

– बाँकी पृष्ठ ४ मा

# पानी नपर्दा धान रोपाइ प्रभावित

**राष्ट्रिय समाचार समिति**

*महेन्द्रनगर, साउन १ गते ।*

धनुषामा मनसुन सक्रिय भए पनि पर्याप्त वर्षा नहुँदा धान रोपाइँ प्रभावित भएको छ । समयमै पानी नपरेपछि खेत चिरा पर्न थालेका छन् भने सिँचाइ सुविधा नभएका क्षेत्रका किसान धान रोप्न नपाएर चिन्तित बनेका छन् ।

असारको अन्त्यसम्म पनि पर्याप्त वर्षा नहुँदा अधिकांश किसानले तयार पारेको धानको बेर्ना खेतमै पहेँलिन थालेको छ । सिँचाइको सुविधा नभएका गाउँमा किसान आकासे पानीकै भरमा खेती गर्ने भएकाले यस वर्ष धान उत्पादन घट्ने चिन्ता बढेको छ ।

लक्ष्मीनियाँ गाउँपालिकाका किसान गोविन्द यादवले समयमै वर्षा नहुँदा रोपाइँ गर्न नसकेको बताए । उनले धानको बेर्ना तयार भए पनि खेतमा पानी नभएकाले रोपाइँ रोकिएको र केही दिनभित्र वर्षा नभए बेर्ना नै नष्ट हुने अवस्थामा पुग्ने दुःखेसो गरे ।

अर्का किसान रामजीवन साहले मोटरबाट सिँचाइ गर्दा इन्धन र विद्युत् खर्च धेरै हुने भएकाले सबै किसानका लागि यस्तो व्यवस्था सम्भव नहुने बताउँछन् । उनका अनुसार खेतीको लागत बढ्दै गएको छ भने उत्पादन घट्ने चिन्ताले किसान थप समस्यामा परेका छन् ।

किसान दुखरन यादवले हरेक वर्षझैँ यस वर्ष समयमै धान रोप्ने तयारी गरे पनि वर्षा नहुँदा खेत बाँझै रहने हो कि भन्ने चिन्ता व्यक्त गरे । उनले धानखेती नै परिवारको मुख्य आयस्रोत भएकाले उत्पादन घटे आर्थिक समस्या हुने बताए ।

लक्ष्मीनियाँ गाउँपालिकाकै किसान दुखरण मण्डलले आकासे पानीको अभावले अधिकांश किसान समस्यामा परेको बताए । सरकारले सिँचाइ सुविधा विस्तार, कृषि विद्युतीकरण र किसानलाई राहत उपलब्ध गराउनुपर्ने उनको माग छ ।

जिल्लाका धेरै स्थानमा धान रोपाइँ हुन बाँकी छ । पर्याप्त वर्षा नभए यस वर्ष धान उत्पादनमा उल्लेख्य कमी आउन सक्ने उनीहरूको भनाइ छ । किसानले दीर्घकालीन सिँचाइको व्यवस्था, कृषि उपकरणमा सहुलियत र अन्य राहत कार्यक्रम संचालन गर्न सरकारसँग माग गरेका छन् । यतिबेला जिल्लाका किसान आकाशतिर हेर्दै वर्षाको प्रतीक्षामा छन् ।

क्षिरेश्वरनाथ नगरपालिकाका किसान रामरूप दासले पनि आकासे पानी नपर्दा खेती गर्न निकै कठिन भएको बताए । उनले मोटर र दमकलको सहायताले एक बिघा खेतमा धान रोप्न सफल भए पनि अझै तीन बिघा जमिनमा रोपाइँ गर्न बाँकी रहेको जानकारी दिए ।

“इन्धनको खर्च दिनप्रतिदिन बढिरहेको छ । मोटर र दमकल चलाएर सबै खेतमा सिँचाइ गर्न सम्भव छैन”, उनले भने, “अब केही दिनभित्र राम्रो वर्षा नभए बाँकी खेतमा धान रोप्न सकिँदैन ।”

## कविता



# रोजगारी देऊ सरकार

***

ललित यादव
जनता माध्यमिक विद्यालय गौरिडाँडा
बर्दिबास, महोत्तरी

नयाँ नेपालको सपना देखायौ,
आशाका महल बनायौ।
तर युवाका खाली हातमा,
किन निराशा मात्र सजायौ?

गाउँघरमा काम छैन,
आशाको कुनै नाम छैन।
बिहानीसँगै पीडा उठ्छ,
भोलिको कुनै ठेगान छैन।

आफ्नै ठाउँमा रोजगारी भए,
किन घर छोडी हिँड्नुपर्थ्यो?
बुबा-आमाको आँसु पुछ्न,
किन परदेश नै रोज्नुपर्थ्यो?

कोठा भाडामा जीवन बित्छ,
पसिनाले दिन नै बित्छ।
मेहनत गरेर खान खोज्दा,
दु:खले मात्र साथ दिन्छ।

रोजगारी नभए गाउँ रित्तिन्छ,
घरघरको चुलो पनि निभ्छ।
भोकले सीमा नाघेपछि,
चोरी पनि बढ्न थाल्छ।

बिजुलीमा कर थपिन्छ,
जरिवाना झन् महँगिन्छ।
गरिब जनताको ढाडमाथि,
किन सधैँ भार नै बढ्छ?

हामीलाई भाषण चाहिँदैन,
खोक्रो आश्वासन चाहिँदैन।
मेहनत गर्ने अवसर देऊ,
सम्मानका साथ बाँच्न देऊ।

सुन्नू सरकार हाम्रो आवाज,
यही हो आजको साँचो राज।
युवा बच्यो भने देश बच्छ

## कविता



# म अझै पर्खिरहने छु

***

विदुषी अर्याल
कोषाध्यक्ष, जनता साहित्यिक मञ्च
गौरिडाँडा तल्लो सदन

आकाश रोए झैं मेरो मन रुन्छ,
बादलको बुँदामा भावना बन्छ
माटोको गन्धले सम्झना ल्याउँछ
तिमी नभए पनि हावा तिमी झैं लाग्छ।

तिमीले छोडेर गएको घर अझै उस्तै छ
तर मुहारबाट सबैको मुस्कान हराएको छ
एउटै घरभित्र अन्जान मान्छे बसे झैं
तिम्रो अनुपस्थितिले हाम्रो फदय पोलिरहेको।

तिमीले भनेका थियौ नानी आँटिलो बन्नु
त्यतिबेला मेरो शक्ति तिमी नै थियौ
अहिले नयाँ सारथी पायौ होला
म जस्ता सन्तान जन्मायौ होला।

कदापि सक्दिन यो म बिर्सन
कसरी सकिन्छ र माया मार्न
गल्ती त ठुलै थियो तिम्रो
अहिले त माफ गर्न लायक छैनौं तिमी।

## कविता



# हम एक नारी छि नै

***

निक्की कुमारी यादव
सहसचिव, जनता साहित्यिक मञ्च
गौरिडाँडा तल्लो सदन

हमरा समाजके मर्यादाभित्र रहे पर्तै
पुरुष प्रधान समाजके सीमाभित्र रहे पर्तै
ई समाजमे हमरा पुरुष यते छुट नै मिलल अछि।

कियत हम एक नारी छि नै
हमरा ई समाजमे अधिकार नै अछि
हमर बाप त ई सोइचके नै पढाबै
अछि कि ई एक पराया धन छै।

हमरा ई समाजमे अपन मनस प्रेम करे
लेल अधिकार नै अछि।
हमर काम त खाली ई पुरुष प्रधान समाजके
आवश्यकता पूरा करलेल अछि।

ई पुरुष सबके मनोरञ्जन देबक लेल अछि
सच्चमे कहु त हम एक सन्तान जन्माउने वाला यन्त्र मात्रै छि ।

## कविता



# विद्यार्थी जीवन

***

पुष्पाञ्जली यादव
जनता माध्यमिक विद्यालय गौरिडाँडा
बर्दिबास, महोत्तरी

सानैदेखि सर्घष गर्यौं
समस्यासँग जुध्नु पर्यो
हरक्षण मिहिनेत गर्नु पर्यौं
उदेश्य लियौं पढेर केही गर्नु पर्यो।

झोलामा कापी किताब लिएर
उज्यालो प्रकाश लिउँ भनेर
सुन्दर जीवन देख्छु म
सुनौलो भविष्य लेख्छु म।

बुवाआमाको प्यारी छोरी
खराबलाई छोड्छु केही नसोची
जीवनमा धेरै ज्ञान लिएर
भविष्य बनाउँछु पढेर।

## गजल



नवल किशोर महतो
बर्दिबास, महोत्तरी

कोइ केकरो नैइ है अपन सबके सबहे बिरन हय
अपन तन त अपन नैइ हय जै मे बैसल परान हय।

हित हितारे मीत मितारे नाता कुटुम हय दौलत के प्यारे
हय सब मतलबी बस अपन सुख सम्पत्ल्या हरान हय।

दया माया प्रेम सौरभ बैभब सब हय सृष्टि के माया जाल
मृत्यु पराधिन घमण्ड भरल शरीर बनल अन्जान हय।

# पत्रिका मागेर होइन किनेर पढ्ने बानी बसालौं

## कविता



# वीर शहीद

***

सुयोग्य सिंह
प्रोग्रेसिभ एकेडेमी
बर्दिवास-१, महोत्तरी

हाम्रो देश बचायो तिमीले
रगत भेटी चढायो तिमीले
राणा शासन हटायो तिमीले
शिक्षा दिन लगायो तिमीले

गोली खाएर बचायो तिमीले
नडराई सामना गर्यो तिमीले
ज्युउन दिन लगायो तिमीले
हामीलाई बचायो तिमीले

## कविता



# मैले देखेको छु

***

मुन्द्रीका कुमारी सिंह
जनता माध्यमिक विद्यालय गौरिडाँडा
बर्दिवास, महोत्तरी

देखेको छु
सन्तानको निम्ति तातो घाममा
खेत बारीमा अन्न फलाउन
बाबाले पसिना चुहाएको।

आफू थोत्रा चप्पल लगाएर
हामीलाई महङ्गा जुत्ता किनेको
रुनु हुदैन भन्ने विश्वास दिलाउँदै
ऋणको बोझले थिचिएर
धुरुधुरु रोएको देखेको छु।

काममा कहिल्यै हिम्मत नहार्नु
भन्ने बाबा, परिवारको बोझ
र ऋणको भारले
थरथरी कामेको मैले देखेको छु।

## कविता



# आमा

***

आकाशबती कुमारी महतो
श्री राष्ट्रिय माध्यमिक विद्यालय बहादुरगञ्ज
बटौवा, महोत्तरी

आमा, तिमी मायाको सागर तिमी बिना लाग्छ संसार उजाड ।
दु:खमा साथ दिने हाततिमी सुखमा देखिने मिठो मुस्कान तिमी ।

मेरो हरेक खुसीको कारण तिमी, मेरो सपनाको आधार तिमी ।
तिम्रो माया अमुल्य छ संसारमा तिमी नै हो भगवान मेरो जीवनमा ।

तिम्रो ममताको ऋण कहिल्यै बिर्सिन्नँ, तिम्रो सम्मान सधैँ गरिरहनेछु ।
आमा, तिमी मेरो पहिलो गुरु तिमीलाई सधैं माया गरिरहनेछु ।

सूचना, समाचार र मनोरञ्जनका लागि
सामुदायिक रेडियो दर्पण
८८.४ मेगाहर्ज
बिहान ५ बजेदेखि राति ११ बजेसम्म
समाचार, विज्ञापन, सल्लाह
सुझाव र प्रतिक्रियाको लागि
सम्पर्क नं : ९८१२०४८५६६, ९८६८८२१२९८

# लोकसेवा परीक्षाको तयारी सामग्री

धिरेन्द्र कुमार महतो
प्रस्तुतकर्ता



**१. अन्तर्राष्ट्रिय क्रिकेट परिषद् (ICC) को १११ औं नयाँ सदस्य मुलुक बन्न सफल देश कुन हो?**
(A) नाबरु
(B) मोरिसस
(C) माल्दिभ्स
(D) मलेसिया
उत्तर: (B) मोरिसस

**अन्तर्राष्ट्रिय क्रिकेट परिषद्को नयाँ सदस्य मुलुक**
- आईसीसीले मोरिससलाई १११ औं सदस्य मुलुकका रूपमा सन् २०२६ जुलाई १५ मा अनुमोदन गरेको हो।
- मोरिसस हिन्द महासागरमा अवस्थित २,०४० वर्ग कि.मी. क्षेत्रफल भएको एक अफ्रिकी टापु देश हो।
- अन्तर्राष्ट्रिय क्रिकेट परिषद्को स्थापना सन् १९०९ जुन १५ मा भएको हो।
- आईसीसीको प्रधान कार्यालय दुबई, युएई (UAE) मा रहेको छ।
- नेपालले सन् १९९६ मा अन्तर्राष्ट्रिय क्रिकेट परिषद्को सदस्यता प्राप्त गरेको हो। नेपाल क्रिकेट संघको स्थापना सन् १९४६ (वि.सं. २००३) मा र नेपाल एसियाली क्रिकेट परिषद्को सदस्य सन् १९९० (वि.सं. २०४७) मा भएको थियो।

**२. हालै कुन प्रशान्त महासागरीय टापु देशले आफ्नो नाम परिवर्तन गरी 'नाओएरो' (Naoero) बनाउने प्रस्ताव पारित गरेको छ?**
(A) तुभालु
(B) फिजी
(C) नाउरु
(D) सामोआ
उत्तर: (C) नाउरु

**नाउरु देशको नाम परिवर्तन**
- नाउरुको संसद्ले देशको नाम परिवर्तन गरी 'नाओएरो' बनाउने र औपचारिक रूपमा घोषणाका लागि जनमतसंग्रह गर्ने निर्णय सन् २०२६ मे १२ (वि.सं. २०८३ वैशाख २९) मा निर्विरोध पारित गरेको हो। यो प्रस्ताव गर्ने राष्ट्रपति डेभिड आडेयाङ हुन्।
- यो देश प्रशान्त महासागरमा अवस्थित छ। यसको क्षेत्रफल २१ वर्ग कि.मी. छ भने जनसङ्ख्या १२,१०० जना रहेको छ। क्षेत्रफलका आधारमा यो विश्वकै तेस्रो सानो देश हो।
- आधिकारिक रूपमा यो देशको कुनै राजधानी छैन, तर व्यावहारिक रूपमा 'यारेन' लाई राजधानी मानिन्छ। यसको आधिकारिक भाषा 'नाउरुली' हो।
- यो विश्वकै सबैभन्दा सानो गणतान्त्रिक राष्ट्र हो। यो मुलुक सन् १९६८ मा अस्ट्रेलियाबाट स्वतन्त्र भएको थियो।

**३. नेपाली साहित्यका आदिकवि भानुभक्त आचार्यको जन्म विक्रम सम्वतको कुन महिना र गते भएको थियो?**
(A) असार २९ गते
(B) साउन २९ गते
(C) असार १४ गते
(D) भदौ १४ गते
उत्तर: (A) असार २९ गते

**भानु जयन्ती २०८३**
- वि.सं. २०८३ मा आदिकवि भानुभक्त आचार्यको २१३ औं जन्मजयन्ती मनाइएको छ। उनको जन्म वि.सं. १८७१ असार २९ गते भएको थियो।
- उनका पिता धनञ्जय आचार्य र माता धर्मावती देवी हुन् । उनका हजुरबुवा श्रीकृष्ण आचार्य (जुम्लाको सिञ्जा उपत्यकाबाट तनहुँ जिल्लामा बसाइँ सरेका) ले उनलाई सानै उमेरदेखि शिक्षा दिएका थिए। उनका बुवा राणा शासन कालमा सरकारी जागिरे थिए।
- भानुभक्तका प्रमुख कृतिहरूमा 'प्रश्नोत्तर' (वि.सं. १९१०), 'भक्तमाला' (वि.सं. १९१०), र 'वधुशिक्षा' (वि.सं. १९१९) आदि पर्दछन्।
- नेपाली जगतमा एकैपल्ट भाषा, साहित्य, संस्कृति, दर्शन, मर्यादा, र देशभक्ति जस्ता समग्र विषयको समन्वय एवं समष्टि भाव प्रदान गरेर योगदान पुर्‍याएकाले उनी नेपालको राष्ट्रिय विभूतिका रूपमा सम्मानित छन्।

**४. नेपालले कुन वर्षसम्ममा कार्बन उत्सर्जन शून्यमा झार्ने प्रतिबद्धता व्यक्त गरेको छ?**
A. सन् २०३५
B. सन् २०४०
C. सन् २०४५
D. सन् २०५०
उत्तर: C. सन् २०४५

**२० वर्षे 'सगरमाथा वृक्षारोपण महाअभियान'**
- आयोजनाको आधार: वि.सं. २०८२ जेष्ठ २ देखि ४ गतेसम्म काठमाण्डौमा सम्पन्न 'सगरमाथा संवाद' को आह्वान अनुसार यो महाअभियान सञ्चालन भएको।
- कार्यतालिका: सन् २०२५ देखि २०४५ (वि.सं. २०८२ देखि २१०२) सम्म हरेक वर्ष असार १४ देखि साउन १५ सम्म नेपालभर वृक्षारोपण गरिने।
- लक्ष्य/उद्देश्य: नेपालले सन् २०४५ सम्ममा कार्बन उत्सर्जन शून्यमा झार्ने प्रतिबद्धता गरेअनुरूप यो एक महिने सगरमाथा वृक्षारोपण महाअभियान सञ्चालन गरिएको।

**५. 'अन्तर्राष्ट्रिय सहकारी महिला सम्मेलन २०२६' ले कति बुँदे काठमाडौं घोषणापत्र जारी गरेको छ?**
A. ९ बुँदे
B. ११ बुँदे
C. १३ बुँदे
D. १५ बुँदे
उत्तर: B. ११ बुँदे

**'अन्तर्राष्ट्रिय सहकारी महिला सम्मेलन २०२६'**
- मिति र स्थान: वि.सं. २०८३ असार ६-७ गते, ललितपुरमा आयोजना गरिएको।
- सम्मेलनद्वारा ११ बुँदे काठमाडौं घोषणापत्र जारी गरिएको।
- आयोजक र साझेदार: राष्ट्रिय सहकारी महासङ्घ लि. नेपालको आयोजना तथा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको सहयोगमा सम्मेलन सम्पन्न भएको।

**६. नेपालको पहिलो पूर्ण खोप सुनिश्चितता घोषणा भएको प्रदेश कुन हो?**
A) कोशी प्रदेश
B) बागमती प्रदेश
C) लुम्बिनी प्रदेश
D) गण्डकी प्रदेश
उत्तर: A) कोशी प्रदेश

**कोशी प्रदेश पूर्ण खोप सुनिश्चित घोषणा**
- घोषणा मिति: वि.सं. २०८३ असार २९ गते
- प्रदेशका १४ वटै जिल्ला, १३७ स्थानीय तह र ११५७ वडाले पूर्ण खोप सुनिश्चितता घोषणा गरेपश्चात प्रदेशलाई पूर्ण खोप सुनिश्चितता घोषणा गरिएको हो।
- यसरी पूर्ण खोप सुनिश्चितता घोषणा हुने नेपालको पहिलो प्रदेश कोशी हो।
- घोषणाकर्ता: कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले प्रदेशलाई पूर्ण खोप सुनिश्चितता घोषणा गर्नुभएको हो।

**७. सन् २०२६ जुलाईमा संयुक्त राष्ट्रसङ्घीय प्रहरी प्रमुखको पाँचौं शिखर सम्मेलन कहाँ आयोजना गरियो?**
A) जेनेभा, स्विट्जरल्याण्ड
B) लण्डन, संयुक्त अधिराज्य
C) न्युयोर्क, अमेरिका
D) पेरिस, फ्रान्स
उत्तर : C) न्युयोर्क, अमेरिका

**संयुक्त राष्ट्रसङ्घीय प्रहरी प्रमुखको पाँचौं शिखर सम्मेलन**
- आयोजन स्थल र मिति: सन् २०२६ जुलाई ७-८ मा न्युयोर्क, अमेरिका मा आयोजना गरियो।
- नेपालबाट सहभागी:
  - ✓ नेपाल प्रहरीका महानिरीक्षक दानबहादुर कार्की
  - ✓ सशस्त्र प्रहरी बलका महानिरीक्षक नारायणदत्त पौडेल
- सहभागिताको प्रावधान: प्रत्येक सदस्य राष्ट्रबाट प्रमुखसहित बढीमा ५ जना सहभागी हुन पाउने।
- मुख्य उद्देश्य: राष्ट्रिय र युएन (UN) प्रहरीबिचको समन्वयमार्फत अन्तर्राष्ट्रिय शान्तिसुरक्षा र विकास सुदृढ गर्ने।
- **प्रमुख एजेन्डाहरू:**
  - ✓ युएनको शान्ति स्थापना बजेटमा परेको आर्थिक दबाबलाई दृष्टिगत गर्दै कम खर्चमा बढी प्रभावकारी र सुरक्षित रूपमा कार्य सञ्चालन गर्ने।
  - ✓ एआई (AI) र प्रविधिको प्रयोगबाट साइबर अपराध नियन्त्रण गर्ने।
  - ✓ किफायती तालिम मोडेल र क्षेत्रीय साझेदारी सुदृढ बनाउने।

**८. वि.सं. २०८३ असार २ गते मनाइएको चुरे संरक्षण दिवस कतिऔं चुरे संरक्षण दिवस हो?**
A) १० औं
B) ११ औं
C) १२ औं
D) १३ औं
उत्तर: C) १२ औं

**९. वि.सं. २०८३ असार ५ गते धितोपत्र बोर्डको अध्यक्षमा को नियुक्त हुनुभएको छ?**
A) किशोर थापा
B) गोपाल प्रसाद भट्ट
C) उमेश श्रेष्ठ
D) अर्जुन घिमिरे
उत्तर: B) गोपाल प्रसाद भट्ट

**१०. नेपालको गृह मन्त्रालयले सर्वसाधारणको गुनासो सुन्नका लागि स्थापना गरेको कल सेन्टरको नाम के हो?**
A) हेलो सरकार
B) हेलो मन्त्री
C) हेलो गृह
D) गृह सेवा
उत्तर: C) हेलो गृह

**११. नेपालकै पहिलो 'पोषणमैत्री गाउँपालिका' घोषणा हुन सफल बडीगाड गाउँपालिका कुन जिल्लामा पर्दछ?**
A) बागलुङ
B) तनहुँ
C) स्याङ्जा
D) पाल्पा
उत्तर: A) बागलुङ (घोषणा मिति: २०८३ असार १५ गते)

**१२. वि.सं. २०८३ सालको राष्ट्रिय धान दिवसको नारा के तय गरिएको छ?**
A) धानबालीमा सघनता: खाद्य सुरक्षा र आत्मनिर्भरता
B) जलवायुमैत्री प्रविधि, धानमा आत्मनिर्भरता र समृद्धि
C) आधुनिक प्रविधि र उत्पादनमा वृद्धि, धानमा आत्मनिर्भरता र समृद्धि
D) कृषिको विकास, धानमा आत्मनिर्भर इतिहास
उत्तर: B) जलवायुमैत्री प्रविधि, धानमा आत्मनिर्भरता र समृद्धि

**१३. नेपाल सरकारको निर्णय अनुसार त्रिभुवन विश्वविद्यालय सेवा आयोगको अध्यक्षमा कसलाई नियुक्त गरिएको छ?**
A) प्रा.डा. भोला थापा
B) किशोर थापा
C) गोविन्द कार्की
D) देवेन्द्र अधिकारी
उत्तर: B) किशोर थापा (नेपाल सरकारका पूर्वसचिव)

**१४. वि.सं. २०८३ असार १९ गते नियुक्त भएका विश्वविद्यालयका उपकुलपतिहरूको सम्बन्धमा कुन जोडामिलान सही छ?**
A) त्रिभुवन विश्वविद्यालय - प्रा.डा. भोला थापा
B) सुदूरपश्चिम विश्वविद्यालय - किसन दत्त भट्ट
C) मध्यपश्चिम विश्वविद्यालय - राजन सुवाल
D) माथिका सबै सही छन्
उत्तर: D) माथिका सबै सही छन्

**१५. आर्थिक वर्ष २०८३/८४ को मौद्रिक नीति अनुसार आगामी आर्थिक वर्षमा आर्थिक वृद्धिदरको लक्ष्य कति प्रतिशत राखिएको छ?**
A) ५.५ प्रतिशत
B) ६.५ प्रतिशत
C) ७ प्रतिशत
D) ७.५ प्रतिशत
उत्तर: C) ७ प्रतिशत

**१६. वि.सं. २०८३ असार २९ गते नेपाल दूरसञ्चार प्राधिकरणको अध्यक्षमा को नियुक्त भएका छन् ?**
A) उमेश श्रेष्ठ
B) अर्जुन घिमिरे
C) गोविन्द कार्की
D) किशोर थापा
उत्तर: B) अर्जुन घिमिरे

**१७. वि.सं. २०८३ असार ३१ गते निधन हुनुभएका चर्चित साहित्यकार नगेन्द्रराज शर्माका प्रमुख कृतिहरूमा तलका मध्ये कुन पर्दैन?**
A) महापुरुष
B) दिवास्वप्न
C) पीपलको बोटमुनि
D) सेतो बाघ
उत्तर: D) सेतो बाघ ('महापुरुष', 'दिवास्वप्न', 'पीपलको बोटमुनि' र 'एकान्तका आफन्त' उहाँका चर्चित कृतिहरू हुन्)

# असार महिनाको उत्कृष्ट शिक्षक बने महेन्द्र

**द पब्लिक टुडे समाचारदाता**

*गौशाला, साउन १ गते ।*



श्री राष्ट्रिय माध्यमिक विद्यालय, कान्तिबजार, गौशाला-१२ ले शैक्षिक सत्र २०८३ अन्तर्गत असार महिनाको 'उत्कृष्ट शिक्षक' का रूपमा बाली विज्ञान विषयका शिक्षक महेन्द्र मल्लाहलाई सम्मानित गरेको छ ।

विद्यालयमा गुणस्तरीय शिक्षाको प्रवर्द्धन, विद्यार्थीको सिकाइ उपलब्धि अभिवृद्धि तथा शैक्षिक गतिविधिमा पुऱ्याएको योगदानको कदर गर्दै मल्लाहलाई उक्त सम्मान प्रदान गरिएको विद्यालयले जनाएको छ । उनको समर्पित शिक्षण शैली, अनुशासित कार्यसम्पादन, लगनशीलता र विद्यार्थीप्रतिको उत्तरदायी भूमिकालाई आधार मानी उत्कृष्ट शिक्षकका रूपमा छनोट गरिएको हो ।

विद्यालयका अनुसार मल्लाह नियमित रूपमा प्रभावकारी पठनपाठनमा सक्रिय रहँदै आएका छन् । कक्षाकोठाको सिकाइलाई जीवनोपयोगी र व्यवहारिक बनाउन उनले विभिन्न अतिरिक्त तथा सहपाठ्यक्रियात्मक कार्यक्रम सञ्चालन गरी विद्यार्थीहरूको प्रतिभा विकासमा महत्वपूर्ण योगदान पुऱ्याउँदै आएको छ ।

विद्यालयले शिक्षकहरूको मनोबल उच्च राख्दै शैक्षिक गुणस्तर सुधार गर्ने उद्देश्यले प्रत्येक महिना उत्कृष्ट शिक्षक छनोट गरी सम्मान गर्दै आएको छ । कार्यक्रमअन्तर्गत असार महिनाका लागि मल्लाह उत्कृष्ट शिक्षक घोषित भएको हो ।

विद्यार्थी, अभिभावक तथा सहकर्मी शिक्षकहरूमाझ मेहनती, अनुशासित, सरल र प्रेरणादायी शिक्षकका रूपमा परिचित मल्लाहलाई गरिएको सम्मानले विद्यालयमा सकारात्मक शैक्षिक वातावरण निर्माण गर्न थप प्रेरणा मिल्ने विश्वास व्यक्त गरिएको छ ।

विद्यालय प्रशासनले आगामी दिनमा पनि उत्कृष्ट कार्यसम्पादन गर्ने शिक्षकहरूलाई सम्मान तथा प्रोत्साहन गर्दै गुणस्तरीय शिक्षा प्रदान गर्ने अभियानलाई निरन्तरता दिने जनाएको छ ।

# 'जघन्य प्रकृतिका अपराधसम्बन्धी अनुसन्धानमा सिआइबीको भूमिका प्रसंशनीय'

**राष्ट्रिय समाचार समिति**

*काठमाडौं, साउन १ गते ।*

नेपाल प्रहरीका प्रहरी महानिरीक्षक दानबहादुर कार्कीले जघन्य प्रकृतिका अपराध, सङ्गठित, आर्थिक एवं जटिल अपराधको अनुसन्धानमा केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी) ले निर्वाह गरेको भूमिका प्रशंसनीय रहेको बताएका छन् ।

ब्युरोको १६औं वार्षिकोत्सवका अवसरमा शुक्रबार काठमाडौंमा आयोजित कार्यक्रममा उनले आगामी दिनमा नेपाल प्रहरीले निष्पक्ष, विश्वसनीय र उत्कृष्ट अनुसन्धान संस्थाका रूपमा नागरिकको पूर्ण विश्वास हासिल गर्दै राष्ट्रको न्याय प्रणालीलाई थप सुदृढ बनाउने विश्वास व्यक्त गरे ।

महानिरीक्षक कार्कीले 'अनुसन्धान अनि मात्र पक्राउ' भन्ने अनुसन्धानको न्यूनतम मापदण्डलाई आत्मसात् गर्दै तटस्थ एवं उच्च व्यावसायिकता प्रदर्शन गरी ब्युरोले नागरिकको विश्वास जित्नुपर्ने उल्लेख गरे । उनले अत्याधुनिक प्रविधिको प्रयोगलाई प्राथमिकतामा राखी ब्युरोको क्षमता अभिवृद्धि एवं अन्तर निकाय र अन्तरराष्ट्रिय सहकार्यलाई सुदृढ गर्दै उत्कृष्ट अनुसन्धान निकायको रूपमा स्थापना गर्न सङ्गठन सदैव क्रियाशील रहेको बताए ।

सो अवसरमा महानिरीक्षक कार्कीले ब्युरोका पूर्वप्रमुखलाई सम्मान तथा पूर्वकर्मचारीलाई कदरपत्र प्रदान गरेको थियो । कार्यक्रममा ब्युरोद्वारा प्रकाशित 'सिआइबी म्यागेजिन' लोकार्पण गरिएको थियो ।

कार्यक्रममा अवकाश प्राप्त प्रहरी महानिरीक्षक, प्रहरी अतिरिक्त महानिरीक्षक, अवकाश प्राप्त प्रहरी अतिरिक्त महानिरीक्षक, विभिन्न मन्त्रालयका सहसचिव, सहन्यायाधिवक्ता, प्रहरी नायब महानिरीक्षक, अवकाश प्राप्त प्रहरी नायब महानिरीक्षक, वरिष्ठ प्रहरी अधिकृत, आमन्त्रित अतिथिलगायत प्रहरी अधिकृत तथा जवानहरूको उपस्थिति थियो ।

# मिटरब्याज पीडितले पाउलान्...

मजदुर संघर्ष समिति नेपाल'का अध्यक्ष अवधेश कुशवाहाको नेतृत्वमा करिब चारसयको संख्यामा काठमाडौं पुगेर आन्दोलन गरे । मिटरब्याज पीडितको सशक्त आन्दोलन पश्चात २८ फागुन २०८० मा फेरि सरकार र मिटरब्याज पीडितबीच चार बुँदे सहमति भयो । सहमति अनुसार ९ चैत २०८० मा सरकारले दोस्रो पटक पूर्वन्यायाधीश तेजबहादुर कार्कीको नेतृत्वमा मिटरब्याजसम्बन्धी जाँचबुझ आयोग गठन गर्यो । त्यस बेला पनि ठूलो संख्यामा उजुरी परेपनि सबैको सुनुवाइ भएन । बेलाबेला मिटरब्याज पीडतको आन्दोलन भएपनि हजारौं पीडितले न्याय पाउन सकेका छैनन् । मिटरब्याजीहरू अदालतबाट निषेधाज्ञा मुद्दाको सहयोग लिंदा र प्रहरी प्रशासन प्रभावित गर्दा न्याय नपाएको उनीहरूको गुनासो छ ।

यी आयोगहरू गठन हुनु अघि १ असोज २०७९ मा सरकारले गृहमन्त्रालयको भीष्मराज भुषालको नेतृत्वमा मिटरब्याज अपराध नियन्त्रण सिफारिस कार्यदल गठन भएको थियो । रामसुरत गुप्ता अध्यक्ष रहेको मिटरब्याज तथा ठगीविरुद्ध किसान मजदुर संघर्ष समितिले गरेको संघर्षको परिणाम स्वरुप यो सरकारले कार्यदल गठन गरेको थियो । त्यसपछि पीडितहरूले जिल्लाजस प्रशासन कार्यालयमा उजुरी दिए । केही सुनुवाइ भएपनि अधिकांश उजुरी उस्तै रह्यो ।

यी तीनवटा आयोगमा देशभरबाट ६० हजार भन्दा बढीको संख्यामा उजुरी परेको थियो । पटकपटक सरकारले सहमति गरी आयोग तथा समिति बनाएको हिसाबले हेर्दा यो सहमति अनुसार पनि पीडितले न्याय पाउन सहज भने देखिँदैन । तर पनि यो सहमतिले पीडितहरू आशावादी छन् ।

अध्यक्ष कुशवाहा राज्य इमान्दार हुने हो भने मिटरब्याज पीडितको समस्या समाधान हुनेमा आशावादी रहेको बताउँछन् । 'राज्य इमान्दारिता पूर्वक कार्यान्वयन गरे पीडितहरूले न्याय पाउनेमा आशावादी छौं । राज्यले काम गरे समस्या समाधान हुन सक्छ' उनले भने ।

विगतमा सरकारले गठन भएका आयोगको प्रतिवेदन कार्यान्वयन नगर्दा पीडितहरूका हजारौं उजुरी प्रहरी प्रशासनमा थन्किएका छन् । नेपाल प्रहरीका पूर्व एआइजी तथा गौरीबहादुर कार्की नेतृत्वको अनुचित लेनदेन आयोगका सदस्य उत्तमराज सुवेदी विगतका प्रतिवेदनहरू कार्यान्वयन हुन नसक्दा न्याय नपाएको बताउँछन् । 'हामीले प्रतिवेदन दियौं । तर कार्यान्वयन नै भएन' उनी भन्छन् 'हामीले भनेका थियौं प्राप्त निवेदन फर्छ्यौट नभएसम्म त्यसलाई सक्रिय राख्नुपर्छ । र एक्टिभ बनाउन साधनस्रोत पनि दिनुपर्छ । अदालतहरूसँग पनि राज्यको समन्वय हुनुपर्छ भनेर भनेका थियौं ।'

मधेश मामिलाका जानकार रोशन जनकपुरीको बुझाइमा जबसम्म ऋण छरितो तरिकाबाट दिने निकाय सरकारले खडा गर्दैन, कानुन निर्माण गर्दैन तबसम्म यो समस्या समाधान हुन सक्दैन । शासन सत्ताको पहुँचमा रहेका मानिसहरू मिटरब्याजमा संलग्न हुने गरेका छन् । सरकारले बनाउने समितिहरू न्यायिक नभएकाले यो तत्काल चित्त बुझाउन सहज भए पनि पीडितले न्याय पाउन नसकेको विगत छ ।

# जीर्ण बाँधले बस्ती बाढीको जोखिममा

**राष्ट्रिय समाचार समिति**

*चन्द्रपुर, साउन १ गते ।*

रौतहट भएर बग्ने वाग्मती र बकैया नदीको दुवै किनारमा लगाइएको बाँध जीर्ण हुँदा सो क्षेत्रका बासिन्दा बाढीको जोखिममा परेका छन् ।

दुवै नदीको बाँध जीर्ण भएपछि फुटेर पसेको बाढीले बर्सेनि गौर सदरमुकामलगायत दर्जनौं बस्ती डुबानमा पर्दै आएका छन् भने करोडौं मूल्य बराबरको धनजन तथा बालीनाली क्षति हुँदै आएको छ ।

केही दिनअघिको वर्षाका कारण बकैया नदीको बाँध फुटेर राजपुर नगरपालिका-४ मा बाढी पसेपछि जनजीवन प्रभावित भएको थियो । बकैया नदीको बाँध फुट्दा रौतहटका आधा दर्जनभन्दा बढी नगरपालिका प्रभावित हुने कटहरियाका स्थानीय प्रकाश श्रेष्ठले जानकारी दिए ।

बाँध फुट्दा रौतहटका कटहरिया, देवाही गोनाही, मौलापुर, ईशनाथ, राजपुर तथा गौर नगरपालिकाका नागरिक प्रभावित हुने श्रेष्ठले बताउनुभयो । बाढी पस्दा बाँध छेउमा बसोबास गर्दै आएका नागरिक बढी प्रभावित हुने उनको भनाइ छ । "जबसम्म नदीको बाँध बलियो बन्दैन, तबसम्म बर्सेनि बाढीले यस भेगका नागरिकको धनजनमा क्षति पुर्याइरहन्छ", श्रेष्ठले भने ।

बाग्मती नदीको बाँध कमजोर हुँदा आधा दर्जन पालिकाका नागरिक प्रभावित हुँदै आएका छन् । रौतहटका दुर्गाभगवती गाउँपालिका, गढीमाई, माधवनारायण, राजदेवी र गौर नगरपालिकाका बाँध छेउका बस्ती डुबानमा पर्ने गरेको दुर्गाभगवती गाउँपालिकाका अध्यक्ष शम्भु सिंहले जानकारी दिए ।

गत वर्ष पनि वाग्मती नदीमा आएको बाढीले करोडौं मूल्यबराबरको धानबाली नष्ट गरेको अध्यक्ष सिंहको भनाइ छ । वाग्मती नदीको बाँध बलियो नहुँदा धेरै नागरिकले सास्ती खेप्नुपरेको छ ।

रौतहटका प्रमुख जिल्ला अधिकारी दिनेशसागर भुसालसहितको सुरक्षा अधिकारीको टोलीले बिहीबार वाग्मती र लालबकैया नदीमा जलस्तर बढ्न थालेपछि सम्भावित बाढी जोखिमलाई मध्यनजर गर्दै नदी नियन्त्रण बाँध तथा निर्माणाधीन संरचनाको स्थलगत निरीक्षण गरेको छ ।

निरीक्षणपछि प्रमुख जिल्ला अधिकारी भुसालले सम्बन्धित निकायलाई क्षतिग्रस्त भागको तत्काल मर्मत तथा आवश्यक संरक्षणका काम अघि बढाउन निर्देशन दिएको छ ।

अनुगमनका क्रममा राजदेवी नगरपालिका-३ स्थित वाग्मती नदीको बाँधमा वर्षा र नदी कटानका कारण सामान्य क्षति पुगेको पाइएको प्रजिअ भुसालले जानकारी दिए ।

प्रजिअ भुसाल नेतृत्वको टोलीले परोहा नगरपालिका-३ तेजापाकडस्थित लालबकैया नदीमा निर्माणाधीन स्पर (कटान नियन्त्रण संरचना)को समेत निरीक्षण गरेको छ । निरीक्षणका क्रममा निर्माणको प्रगति, बाँधको अवस्था तथा सम्भावित जोखिमबारे सम्बन्धित प्राविधिक तथा सरोकारवालासँग जानकारी लिइएको थियो ।

वर्षायाममा बाढी तथा नदी कटानबाट हुनसक्ने क्षति न्यूनीकरणका लागि संवेदनशील क्षेत्रको नियमित अनुगमन, आवश्यक मर्मत तथा पूर्वतयारीलाई तीव्र बनाइएको प्रजिअ भुसालले बताए । उनले नदी तटीय क्षेत्रका स्थानीयवासीलाई सतर्क रहन तथा कुनै पनि विपद्सम्बन्धी सूचना तत्काल सम्बन्धित निकायलाई जानकारी गराउन आग्रह गरेको थियो ।

नारायण दल गणका गणपति विश्वास विष्ट, जिल्ला प्रहरी कार्यालय रौतहटका प्रहरी उपरीक्षक सीताराम रिजाल, सशस्त्र प्रहरी उपरीक्षक रामहरि अधिकारी, राष्ट्रिय अनुसन्धानका उपनिर्देशक कुमार बुढाथोकीसहितको टोलीले दुवै नदीका बाँधको निरीक्षण गरेको थियो ।

# 'नागरिकलाई गुणस्तरीय स्वास्थ सेवा पुऱ्याउन प्रतिबद्ध छौं'

**राष्ट्रिय समाचार समिति**

*जनकपुरधाम, साउन १ गते ।*

मधेस प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवले नागरिकलाई गुणस्तरीय स्वास्थ सेवा सहज रूपमा पुऱ्याउन प्रदेश सरकार प्रतिबद्ध रहेको बताएका छन् ।

मधेस प्रदेश स्वास्थ्य विज्ञान प्रतिष्ठानको प्रथम दीक्षान्त समारोहको शुक्रबार जनकपुरमा उद्घाटन गर्दै उनले स्वास्थ्य सेवालाई उच्च प्राथमिकतामा राखी नागरिकलाई सर्वसुलभ तथा गुणस्तरीय सेवा पुऱ्याउने प्रदेश सरकारको पहिलो लक्ष्य रहेको बताए ।

स्वास्थ्य उपचारको अभावमा कुनै पनि नागरिकले ज्यान गुमाउनु नपरोस् भन्ने उद्देश्यका साथ प्रदेशका हरेक अस्पतालमा विशेषज्ञ चिकित्सकसहित औषधि तथा अन्य स्वास्थ्य सामग्रीको व्यवस्थापन गरिएको उल्लेख गर्दै मुख्यमन्त्री यादवले स्वास्थ्य क्षेत्रमा सेवा दिने जनशक्तिको ज्ञान, सीप, इमान्दारिता, करुणा र व्यावसायिकताले हजारौं नागरिकको जीवन रक्षा हुने भएकाले यसतर्फ सचेत रहन सबैलाई आग्रह गरे ।

स्वास्थ्य निकै संवेदनशील तथा जनताको जीवनसँग जोडिएका क्षेत्र भएकाले मधेस स्वास्थ्य विज्ञान प्रतिष्ठानबाट उच्च शिक्षा हासिल गरेका स्वास्थ्यकर्मीले गुणस्तरियता कायम गर्दै स्वास्थ्य क्षेत्रको सुधारका लागि थप योगदान दिनुपर्नेमा मुख्यमन्त्री यादवले जोड दिए । प्रतिष्ठानलाई शिक्षण, अनुसन्धान, नवप्रवर्तन तथा विशेषज्ञ स्वास्थ्य सेवा प्रदान गर्ने उत्कृष्ट केन्द्रका रूपमा स्थापित गर्न प्रदेश सरकार प्रतिबद्ध रहेको उनले बताए ।

कार्यक्रममा शिक्षाविद् तथा राजर्षि जनक विश्व विद्यालयका पूर्वउपकुलपति प्रा.डा. अमरप्रसाद यादवले स्वास्थ्य क्षेत्रमा कृत्रिम बुद्धिमता, डिजिटल स्वास्थ्य प्रणाली, अनुसन्धान र प्रमाणमा आधारित उपचार पद्धतिले चिकित्सक क्षेत्रलाई थप उचाइमा पुऱ्याउन मद्दत गरेको बताए ।

मधेस स्वास्थ्य विज्ञान प्रतिष्ठानका उपकुलपति प्रा.डा. अङ्कुर शाहले दीक्षित विद्यार्थीलाई प्रतिष्ठानबाट सिकेका ज्ञान, सीप, नैतिकता र मानवीय संवेदनालाई आत्मसात् गरेर स्वास्थ्य सेवामा समर्पित हुन आग्रह गरे ।

वि.सं. २०७७ मा स्थापना भएको मधेस स्वास्थ्य विज्ञान प्रतिष्ठानबाट विभिन्न विधामा उपाधि हासिल गरेका ४३ जना विद्यार्थी दीक्षित भएका छन् । कार्यक्रममा मुख्यमन्त्री यादव र प्रतिष्ठानका उपकुलपति डा. शाहले प्रतिष्ठानबाट उत्कृष्ट अङ्कसहित उत्तीर्ण भएका जितेन्द्रकुमार साह, विवेक खडका, जेनिसा लामा, जोशिका शर्मा, मोहम्मद बद्रे आलमलाई स्वर्ण पदकबाट सम्मान गरेका छन् ।

# प्रदेश सरकारद्वारा ५६.३१ प्रतिशत...

छ । मुख्यमन्त्री कार्यालयले चालुतर्फ ४०.३७ प्रतिशत र पुँजीगततर्फ १७.७९ प्रतिशतमात्र खर्च गरेको छ । त्यसैगरी, प्रदेश नीति तथा योजना आयोगले ५४.०७ प्रतिशत खर्च गरेको छ भने कर्मचारी सुविधा तथा सेवानिवृत्त सुविधा तथा अर्थ विविध शीर्षकमा असार मसान्तसम्म कुनै खर्च भएको देखिएको छैन । समग्रमा हेर्दा चालु खर्चको तुलनामा पुँजीगत खर्च अझै कम रहेको देखिएको छ । यद्यपि आर्थिक वर्षको अन्त्यसम्म प्रदेश सरकारले कुल बजेटको आधाभन्दा बढी अर्थात् ५६.३१ प्रतिशत खर्च गर्न सफल भएको अर्थ मन्त्रालयको तथ्याङ्कले जनाएको छ । अघिल्लो सरकारले घाटा बजेट ल्याएको, गत भदौ २३ र २४ मा भएको जेनजी आन्दोलनका कारण प्रदेश सरकारका संरचना क्षतिग्रस्त भएको, पटकपटक सरकार परिवर्तन भएकोजस्ता कारणले आधामात्र बजेट खर्च भएको मधेस प्रदेश सरकारका अर्थमन्त्री युवराज भट्टराईले बताए । ढिलै भए पनि प्रदेश सरकारका योजना तीव्र रूपमा कार्यान्वयन भएकाले आर्थिक वर्षको अन्तिमसम्ममा प्रदेश सरकारको खर्च ५६ प्रतिशतभन्दा बढी हुनु सन्तोषजनक भएको उनको भनाइ छ ।

पब्लिक टुडे पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित, कार्यालय : गौशाला न.पा.-१, महोत्तरी, सम्पर्क कार्यालय : जनकपुरधाम उपमहानगरपालिका-१३, धनुषा
Email: thepublictoday2070@gmail.com, मुद्रण :- न्यू क्वालिटी अफसेट प्रिन्टर्स, जनकपुरधाम, अध्यक्ष : रामनारायण महतो, ९८४४०३७१९८, सम्पादक: सन्तकुमार क्षेत्री